nepalpostdaily.com

# नेपाल पोष्ट डेली

दैनिक

30°C । वर्ष : १०, अंक : ३५८ पृष्ठ ४ । शनिबार,२४ साउन २०८२ । SATURDAY, AUGUST 09, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## साउन ३१ देखि पेट्रोलियम पाइपलाइन मर्मतका लागि बन्द

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२३ साउन ।***

औपचारिक रूपमा सञ्चालनमै आउन नपाउँदै अमलेखगन्जको दोस्रो चरणअन्तर्गत निर्माण गरिएको पेट्रोलियम पाइपलाइनमा प्राविधिक समस्या देखिएपछि साउन ३१ गतेदेखि इन्धन ढुवानी अस्थायी रूपमा बन्द गरिने भएको छ । पाइपलाइनको निरीक्षणका लागि नेपाल आएको इन्डियन आयल कर्पोरेसन (क्ष्इऋ) को प्राविधिक टोलीले 'लोडिङ बे' र भल्भ क्षेत्रमा समस्या देखिएको निष्कर्ष निकालेपछि साउन ३१ (अगस्ट १६) बाट मर्मत थाल्ने सहमति भएको हो । टोलीको नेतृत्व आईओसीका कार्यकारी निर्देशक मनोज शर्माले गरेका थिए ।अमलेखगन्जस्थित नेपाल आयल निगमको प्रादेशिक कार्यालय प्रमुख प्रलयंकर आचार्यका अनुसार मर्मतका क्रममा ७ देखि ८ दिनसम्म पाइपलाइनमार्फत इन्धन आपूर्ति रोकिनेछ । तर बजारमा कुनै



पनि किसिमको अभाव हुन नदिन आवश्यक तयारी गरिएको उनले बताए । 'हाल दैनिक ३ हजारदेखि ३५ सय किलोलिटर इन्धन खपत हुनेमा घटेर ६-७ सय किलोलिटर मात्र खपत हुँदै आएको छ,' आचार्यले भने, 'त्यसैले मर्मत अवधिभर ४३ हजार किलोलिटर इन्धनको मौज्दात पर्याप्त हुन्छ ।' अमलेखगन्ज डिपोमा २५,५०० किलोलिटर डिजेल र १७,५०० किलोलिटर पेट्रोलको भण्डारण गरिएको छ । त्यहाँबाट थानकोट, पोखरा, विराटनगर, भैरहवा र जनकपुर डिपोमा इन्धन आपूर्ति गरिँदै आएको छ । मर्मत अघि सबै डिपोमा पर्याप्त इन्धन भण्डारण गरिने निगमको योजना छ । 'लोडिङ बे' को क्षेत्रमा पाइपलाइन अलाइनमेन्ट परिवर्तन, भाइब्रेशन, र पाइप अगाडि

बाँकी तेश्रो पृष्ठमा⇨

## लामिछानेको रिहाइ माग्दै बीरगन्जमा हस्ताक्षर अभियान तीव्र

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२३ साउन ।***

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेमाथि भएको राजनीतिक प्रतिशोधको विरोधमा बीरगन्जमा हस्ताक्षर अभियान तीव्र बनेको छ । जनस्तरबाट सुरु गरिएको यो अभियानमा स्थानीय बासिन्दा, व्यापारी, विद्यार्थी, र सर्वसाधारणको उल्लेखनीय सहभागिता देखिएको छ । तीन दिनअघि बीरगन्जको बसपार्क चोकमा सुरु भएको अभियानको क्रममा हालसम्म ३,५०५ जनाले हस्ताक्षर गरिसकेको रास्वपा मधेस प्रदेश यातायात विभाग प्रमुख रामसुन्दर आर्यले जानकारी दिए। उनका अनुसार देशभर एकैसाथ सञ्चालन भइरहेको यो अभियान न्याय र लोकतान्त्रिक मूल्यको पक्षमा उठेको नागरिक आवाज हो । आर्यले भने, "यो कुनै पार्टीको मात्र आन्दोलन




होइन, यो जनताको न्यायको आवाज हो । रवि लामिछानेलाई निष्पक्ष सुनुवाइ र न्याय दिलाउन जनताको समर्थन निर्णायक बन्न सक्छ ।" आजको कार्यक्रममा रास्वपा जिल्ला अध्यक्ष हरी पन्त, प्रदेश यातायात प्रमुख रामसुन्दर आर्य, प्रदेश सदस्य नवीन प्रसाद चौरसिया, मनोज पण्डितलगायत नेताहरूको उपस्थिति थियो । अभियानस्थलमा सर्वसाधारण लामबद्ध भई हस्ताक्षर गर्दै लामिछानेप्रति ऐक्यबद्धता जनाइरहेका थिए । स्थानीय नागरिकहरूले यो अभियान निरन्तर सञ्चालन गरिए सरकारमाथि दबाब सिर्जना गर्न सकिने विश्वास व्यक्त गरेका छन् । आयोजकका अनुसार संकलित हस्ताक्षर प्रदेश तथा संघीय सरकारमा बुझाउने तयारी भइरहेको छ ।

## बारामा ९० र पर्सामा ९२ प्रतिशत धान रोपाइँ सम्पन्न

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२३ साउन ।***

मधेश प्रदेशमा हालैको वर्षाले किसानहरूलाई राहत दिँदै धान रोपाइँको कार्यमा तीव्रता ल्याएको छ । बारा र पर्सा जिल्लामा रोपाइँ उच्च चरणमा पुगेको कृषि कार्यालयहरूले जानकारी दिएका छन् । कृषि ज्ञान केन्द्र बाराका अनुसार जिल्लामा हालसम्म ९० प्रतिशत धान रोपाइँ सम्पन्न भइसकेको छ । केन्द्रका प्रमुख राजनारायणप्रसाद साहले लामो खडेरीपछि साउन १६ गतेदेखि निरन्तर परेको वर्षाले रोपाइँ कार्यले गति लिएको बताए । सिम्रौनगढ नगरपालिका-८, कर्चोवाका किसान रामबहादुरप्रसाद यादवका अनुसार वर्षा भएपछि गाउँका अधिकांश किसान खेतमै व्यस्त छन् । बारामा भदैया र अगनी जातका धान लगाउने लक्ष्यसहित ४६ हजार हेक्टर क्षेत्रफलमा रोपाइँ हुने योजना छ । बाँकी १० प्रतिशत



रोपाइँ यसै साताभित्र सकिने कृषि ज्ञान केन्द्र बाराका सूचना अधिकारी गणेश महराले बताए ।

सरकारले बारा र मधेश प्रदेशका अन्य क्षेत्रलाई सुक्खा प्रभावित क्षेत्र घोषणा गरी भूमिगत सिँचाइ सहायता कार्यक्रम सञ्चालन गरेको छ । उक्त कार्यक्रम अन्तर्गत सात दिनभित्र २,३९८ किसानले सहयोगका लागि आवेदन दिएका छन् । पर्सा जिल्लामा पनि चार दिनदेखि लगातार वर्षा भइरहेकाले रोपाइँ कार्यमा उल्लेखनीय प्रगति भएको छ । कृषि ज्ञान केन्द्र पर्साका प्रमुख रामजीवन ठाकुरका अनुसार हालसम्म जिल्लाको ९२ प्रतिशत क्षेत्रफलमा धान रोपिएको छ । उनका अनुसार पर्सामा हालसम्म ३६,५५३ हेक्टरमा धान रोपाइँ सम्पन्न भइसकेको छ, बाँकी क्षेत्रमा छिट्टै रोपाइँ सकिने अपेक्षा गरिएको छ । स्थानीय किसानहरू पर्याप्त वर्षाले खेतबारीमा जीवन फर्किएको अनुभव गरिरहेका छन् । उनीहरू अब उत्पादनमा पनि राम्रो अपेक्षा गरिरहेका छन् ।

## बीरगन्जमा "बृहत् महिला सम्मेलन २०८२" हुँदै

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२३ साउन ।***

पर्सा-बारा जिल्लाका विभिन्न क्षेत्रहरूमा क्रियाशील महिलाको पहिचान र योगदानलाई सम्मान गर्ने उद्देश्यसहित बीरगन्ज उद्योग वाणिज्य सङ्घको महिला उद्यमशीलता विकास समितिले "बृहत् महिला सम्मेलन २०८२" आयोजना गर्ने भएको छ । कार्यक्रम आगामी भदौ १४ गते (शनिवार) बीरगन्ज उद्योग वाणिज्य सङ्घको सभाहलमा सम्पन्न हुनेछ । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यमा हुने कार्यक्रममा "नारी: शक्ति, समर्पण र सम्मान" विषयमा कार्यशाला गोष्ठी सञ्चालन गरिनेछ । सम्मेलनमा उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, सामाजिक सेवा लगायतका क्षेत्रहरूमा उल्लेखनीय योगदान पुऱ्याएका ३०-४० जना महिलालाई सम्मान गरिनेछ । यस्तै, राष्ट्रियस्तरमा विभिन्न पेशा, विचार र कर्ममार्फत स्थापित महिलाहरूको सहभागितामा प्यानल छलफलहरू पनि सञ्चालन




गरिनेछन् । सम्मेलनको मूल उद्देश्य महिला नेतृत्व क्षमताको विकास, उद्यमशीलता प्रवर्द्धन तथा समाजमा महिलाको प्रभावशाली पहिचान स्थापित गर्ने रहेको आयोजक समितिले जनाएको छ । आज पत्रकार सम्मेलनमार्फत कार्यक्रमको

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपालमै पहिलोपटक ड्रोन प्रयोग गरी भूमि नापजाँच सुरु

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२३ साउन ।***

नेपालको भूमि नापजाँच प्रक्रियामा ऐतिहासिक परिवर्तन आएको छ । पर्सा जिल्लाको पटेर्वासुगौली गाउँपालिका-२, रङ्गपुर टाडीमा पहिलोपटक अत्याधुनिक ड्रोन प्रविधिको प्रयोग गरी भूमि नापजाँच कार्य सफलतापूर्वक सम्पन्न गरिएको छ । भूमि समस्या समाधान आयोगको नापी टोलीले वरिष्ठ नापी अधिकृत तथा अनुगमन प्रमुख राजकुमार विश्वकर्माको नेतृत्वमा सो कार्य सम्पन्न गरेको हो । आयोगका अध्यक्ष तबरेज अहमदले बताएअनुसार यो प्रविधिको प्रयोग भूमिहिन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या छिटो र भरपर्दो ढंगले समाधान गर्न गरिएको हो । अध्यक्ष अहमदले भने,



"ड्रोनले १० मिनेटमै सक्ने काम, परम्परागत विधिमा पाँच जना जनशक्तिले एक महिना लाग्थ्यो । यसले समय, श्रम र खर्च तीनैको बचत गर्छ ।" उनले यो कार्यलाई नेपालमै पहिलो सफल प्रयोगको रूपमा लिइएको जानकारी दिए ।
ड्रोन प्रविधिबाट गरिएको नापजाँचले जमिनको वास्तविक नक्साङ्कन, मापनमा उच्च शुद्धता र छिटो नतिजा दिने भएकाले यो प्रविधिलाई अब अन्य जिल्लाहरूमा पनि विस्तार गर्ने तयारी आयोगले गरेको छ ।
नापजाँचको क्रममा वडा अध्यक्ष विजय गैरे, आयोगका प्रशासन प्रमुख राजेन्द्र खड्का, नापी टोलीका प्रमुख, स्थानीय जनप्रतिनिधि तथा सर्वसाधारणको उपस्थिति थियो ।

## आदर्शनगर रंगशालामा लेबलिङ र सरसफाई सुरु

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२३ साउन ।***

बीरगन्जको आदर्शनगर रंगशालामा पूर्वाधार स्तरोन्नतिको काम अघि बढाइएको छ । हालै संयोजकको जिम्मेवारी पाएका गोपाल प्रसाद खेतानले शुक्रबार प्राविधिक टोलीसहित रंगशालामा लेबलिङ कार्य प्रारम्भ गरेका हुन् । साथै, घाँस सरसफाईको काम समेत एकसाथ सुरु गरिएको छ । संयोजक खेतानले रंगशालामा छिट्टै फोर टोलाइट जडान गरिने जानकारी दिएका छन् । "हाम्रो लक्ष्य यो रंगशालालाई अन्तर ाष्ट्रिय मापदण्ड अनुसार स्तरोन्नति गर्नु हो," उनले भने, "पूर्वाधार तयार भएपछि राष्ट्रिय मात्र होइन, अन्तर

बाँकी तेश्रो पृष्ठमा⇨

**बाढी पहिरोबाट सचेत रहौ , जनहितमा जारी सन्देश**

**बाढी र पहिरो आउनुअघि:**

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगाफाटालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिऔं ।

**बाढी र पहिरो आएमा:**

- अनावश्यक हिडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका लाइन वा पोलहरूबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले पार गरौं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान–प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

जगरनाथपुर गाँउपालिका कार्यपालिकाको कार्यालय
जगरनाथपुर, पर्सा

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०



# सम्पादकीय

## गोपनीयतामाथि नजर किन ?

सरकारले कुनै पनि विषयमा ऐन बनाउन सक्छ । तर त्यस्तो ऐनको आवश्यकता र औचित्य आमनागरिकको हितमा छ भन्ने पुष्टि गर्न सक्नुपर्छ । यही नै जनप्रतिनिधिमूलक शासन व्यवस्थाको मूल मर्म हो । तर जब व्यक्ति सत्तामा पुग्छ तब आमनागरिकको हितभन्दा सीमित स्वार्थ समूह र राजनीतिक शक्ति आर्जनका निम्ति ऐन बनाउने प्रयासमा लाग्न सक्छन्, ज्वलन्त उदाहरण हो- राष्ट्रिय गुप्तचर (इन्टेलिजेन्स) तथा अनुसन्धानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक । यो विधेयकको मस्यौदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार पारेको छ । जसमा सूचना संलकन गर्ने नाममा नागरिकले टेलिफोन/मोबाइल, सामाजिक सञ्जालमा गरेका कुराकानी राष्ट्रिय अनुसन्धान विभागले सिधै हेर्न, सुन्न र रेकर्ड गर्न सक्ने प्रावधान प्रस्तावित छ । सरकारलाई नागरिकको संवाद सुन्नुपर्ने आवश्यकता किन पर्‍यो ? विधेयकमा उल्लेख भएअनुसार अन्य माध्यमबाट सूचना संकलन गर्न सम्भव नभएमा र त्यस्तो सूचना तत्काल संकलन नगरेमा मुलुकलाई गम्भीर हानिनोक्सानी हुने भए फोन ट्यापिङ गरेर सूचना संकलन गरिनेछ । तर यो बाहना मात्रै हो । किनभने, नागरिकसँग सरकार त्रसित हुनुपर्ने कुनै कारण दिइएको छैन । सरकार अनावश्यक शक्ति आर्जनका निम्ति गुप्तचर निकायको क्षेत्राधिकार विस्तार गरेर सार्वभौम नागरिकको फोन वा अन्य सञ्चार सञ्जालमा निगरानी गर्न खोज्दै छ । यस्तो प्रयास सरकारले विगतमा पनि गरेको छ । २०७६ सालमा तत्कालीन सरकारले फोन ट्यापिङ गरेर नागरिकमाथि अंकुश लगाउने प्रयास गरेको थियो । त्यसबेला पनि केपी शर्मा ओली नै प्रधानमन्त्री थिए । नागरिकको अधिकार कुण्ठित पार्नेगरी कानुन बनाउन लागेको भनेर चौतर्फी विरोध भएपछि सरकार पछाडि हटेको थियो । फेरि एकपटक उनै ओली नेतृत्वको वर्तमान सरकारले नागरिकमाथि निगरानी गर्ने कडा व्यवस्था राखेर ऐन बनाउने प्रयास गरेको छ ।नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा छ । यो व्यवस्था नागरिकले आफैं ल्याएका हुन् । चुनावमार्फत शासन सत्तामा सीमित व्यक्तिलाई पठाएका छन् । कसैले एक भन्दा धेरैपटक चुनाव जिते होलान्, मुलुकको नेतृत्व गर्ने अवसर पटक-पटक पाए होलान् । यदि नागरिकले मतदानमार्फत दिएको शासन गर्ने अधिकार दुरुपयोग भए नागरिकबाटै दण्डित हुनेमा दुविधा छैन । सयौं वर्ष शासन गरेका राणा र राजतन्त्र सडकबाट फालिएको इतिहास सम्झिँदा मात्रै पनि लोकतान्त्रिक शासकलाई सच्चिन सहयोग पुग्छ ।

# प्रभुत्वशाली पितृसत्ताविरुद्धको लडाइँ

**जेबी विश्वकर्मा**



सैद्धान्तिक रूपमा पितृसत्ता महिलामाथिको सदाबहार शोषण, उत्पीडन र दमनका लागि निर्मित शासकीय हतियार हो । यसले पुरुषलाई संरचनात्मक रूपमा शक्तिशाली बनाउँछ, महिलालाई नियोजित रूपमा शक्तिहीन र कमजोर बनाउँछ । परिवार, समाज र राज्यमा पुरुष प्रभुत्वलाई बलियो बनाउँछ, महिलालाई पुरुषको अधीनस्त वा आश्रित बनाउँछ । महिलालाई शासकीय सत्ता मात्रै होइन, आर्थिक स्रोतसाधनबाट वञ्चित गर्छ । पुरुष र महिलाबीच मालिक र श्रमिकको सम्बन्ध स्थापित गर्छ । यति मात्रै होइन, अनेकौं किसिमका सामाजिक-सांस्कृतिक बन्देज लगाउँछ, धार्मिक र सांस्कृतिक मूल्य-मान्यताका बहानामा अन्याय, विभेद र अत्याचार सहन बाध्य बनाउँछ । महिला र लैंगिक तथा यौनिक अल्पसंख्यकमाथि हुने कठोर पितृसत्ता लोकतान्त्रिक राजनीतिक व्यवस्थातिरको यात्रासँगै केही हदसम्म कमजोर हुँदै गएको छ । व्यवस्था परिवर्तन, मानिसमा विकास भएको सचेतना, विज्ञान प्रविधिको विकास आदिका कारण पितृसत्तालाई चुनौती दिने काम हुँदै आएको छ । तथापि, परिवर्तित परिवेशसँगै पितृसत्ताले पनि स्वरूप परिवर्तन गर्दै आइरहेको छ । पितृसत्ताले पुरुषलाई मात्रै अंश र वंश हकदार बनाउँछ । पैतृक र आर्जित सम्पत्तिबाट महिलालाई वञ्चित गर्छ । जब शक्ति र सम्पत्तिमा पुरुषको मात्रै एकाधिकार र नियन्त्रण रहन्छ, स्वाभाविक रूपमा महिलालाई निरीह बनाइदिन्छ । पितृसत्तामा वंश परम्परामा पुरुषको वैधता हुन्छ । महिलाको अस्तित्वलाई स्वीकार गरिँदैन, विवाहपछि त महिलालाई जन्मसँग जोडिएको वंश परम्परा वा पहिचानबाट विमुख पारिन्छ । पितृसत्ता हाबी भएको ठाउँमा महिलालाई निर्णयमा स्वतन्त्रता दिइँदैन वा छनोटको अधिकार पनि हुँदैन । इच्छा, चाहना र आवश्यकतामाथि विभिन्न किसिमका बन्देज लगाइन्छ । महिला कहाँ जान हुने वा नहुने ? कोसँग बोल्न मिल्ने वा नमिल्ने ? के गर्न हुने वा नहुने ? जस्ता विषयको निर्णायक पुरुष हुन्छन् । उदाहरणका लागि कोसँग विवाह गर्ने भन्ने छनोटको अधिकार पनि महिलालाई दिइँदैन । पितृसत्ताले लैंगिक समानता, न्याय र महिला तथा लैंगिक तथा यौनिक अल्पसंख्यकको सार्वभौम अस्तित्वलाई स्विकार्दैन । सहजै राजनीतिक नेतृत्व स्विकार्दैन, महिला क्षमतावान् हुन्छन् भन्ने तथ्यलाई मान्दैन । यति मात्रै होइन, पितृसत्ता जातिवादी र शुद्धतावादी संस्कृतिको रक्षाकवज हुने गर्दछ । जात व्यवस्थाका आधारमा स्थापित विभेदको पर्खाललाई यसले अझ बलियो बनाउन योगदान पुर्‍याउँछ भने शृंखलाबद्ध विभेदलाई वैधानिकता दिन्छ र सोहीअनुरूपको संस्कृति निर्माण गर्छ । अर्कोतिर, धार्मिक र जातीय शुद्धतावादी दृष्टिकोण पितृसत्तामा अन्तरनिहीत रहने गर्छ । महिनावारी, सुत्केरी, विधवा, पुन:विवाह आदिलाई अशुद्ध मानी ब्राह्मणवादी कथित शुद्धतावादको रक्षा पनि पितृसत्ताले गर्दै आइरहेको छ । महिलालाई अंश र वंशको स्वामित्व नदिने पितृसत्ताले परिवार र वंशको इज्जत जोगाइ दिनुपर्ने भार महिलाकै काँधमा थोपरिदिन्छ । यसरी पितृसत्ताले पुरुष वर्चस्वलाई संस्थागत गर्न र निरन्तरता दिन समग्र राज्य र सामाजिक-राजनीतिक संरचना सञ्चालन गर्छ । यसले महिला र लैंगिक तथा यौनिक अल्पसंख्यकमाथि निरन्तर हिंसा, विभेद र बहिस्करणलाई निरन्तरता दिन्छ । सामन्तवादी वा पुँजीवादी लोकतान्त्रिक जस्तोसुकै राजनीतिक व्यवस्था भए पनि समानता, न्याय र आत्मसम्मानसहितको जीवनबिना समुन्नत समाज निर्माण हुन सक्दैन ।

**विवाह र पितृसत्ता** हिन्दु धर्ममा विवाहलाई मानव जीवनलाई आदर्शपूर्वक र सहज रूपमा जीवन निर्वाह गर्ने प्रक्रियाका रूपमा लिइन्छ । पारिवारिक संस्कार र परम्परालाई निरन्तरता दिनका लागि विवाहलाई अनिवार्य मान्छ । तर, यस्ता धार्मिक मान्यता पितृसत्तालाई बलियो बनाउने र महिलामाथिको हिंसालाई निरन्तरता दिने किसिमका छन् । रामायणमा रामले सीताको पवित्रताको परीक्षण गरेको सवाल होस् वा छोरीलाई दान दिने परम्परा होस्, यसैका उदाहरण हुन् । मार्क्सवादी दृष्टिकोणबाट विवाहलाई निजी सम्पत्तिको वैध उत्तराधिकारीको आवश्यकताले स्थापित गरेको संस्थाका रूपमा व्याख्या गरिएको छ । यसले विवाहमार्फत महिलाले सम्पत्तिको उत्तराधिकारी जन्माइ दिनुपर्ने तर महिला कहिल्यै सम्पत्तिको हकदार नहुने परिपाटीलाई निरन्तरता दिएको छ । नेपाली समाजमा व्यक्ति वा परिवारको आर्थिक अवस्था, सामाजिक प्रतिष्ठा, जात र वर्गका आधारमा विवाह हुने प्रचलन छ । विवाहलाई भावनात्मक सम्बन्ध वा मानवीय आवश्यकताका रूपमा व्याख्या गर्ने हो भने यस्ता आधार गौण हुनुपर्ने हो । गरिब र धनी व्यक्तिबीच भावनात्मक सम्बन्ध नहुने होइन, फरक-फरक समुदायबीचको प्रेम अस्वाभाविक होइन । तर, धर्म, संस्कृति वा परम्पराका नाममा यस्तो विवाहलाई अस्वीकृत गरिन्छ । समान वा असमान सामाजिक-आर्थिक हैसियत भएका बीच विवाह भएको परिवारमा पुरुष नै निर्णायक हुन्छ, यसले पितृसत्तालाई नै बलियो बनाउँछ । महिलाको सार्वभौम पहिचानलाई विवाहले सदैव चुनौती दिने गरेको छ । आफ्नै सन्तानलाई आफ्नो नामबाट नागरिकता दिनका लागि कैयौं वर्ष संघर्ष गर्नुपरेको छ, जुन पितृसत्तासँगको पहिचान र अस्तित्वको लडाइँ हो । यति मात्रै होइन, महिला विवाहपछि हुने निगरानीका कारण श्रम वा व्यवसायको छनोट, हिँडडुलजस्ता गतिविधिलाई सीमित गर्नुपर्ने बाध्यात्मक अवस्थामा पुग्छन् अर्थात् प्राय: विवाहले महिलाको सार्वभौम पहिचान र गतिविधिलाई समेत संकुचित र नियन्त्रित बनाउने गर्छ । यसको मूल कारण समाजमा भएको पितृसत्तात्मक शक्ति-संरचना नै हो । पितृसत्तात्मक असमान शक्ति-सम्बन्धको अन्त्य गर्ने हो भने विवाह सहजीवनमा रूपान्तरित हुन पुग्छ । यस्तो अवस्थामा परिवार र समाजमा महिलाको पहिचान र अस्तित्वलाई समान रूपमा स्वीकार गरिन्छ । पारस्पारिक निर्णयका आधारमा परिवार सञ्चालित हुन्छ । आर्थिक स्रोतमाथिको एकाधिकारको अन्त्य गरेर पुरुषसँगको आर्थिक

बाँकी तेश्रो पृष्ठमा⇨

# महिला सहभागिता र समान अवसर

**मीनाकुमारी लामा**

महिला सहभागिता र सशक्तीकरणसम्बन्धी बहस नेपालमा पनि पछिल्ला केही दशकदेखि राष्ट्रिय विकासको केन्द्रमा रहँदै आएको छ । लोकतान्त्रिक अभ्यासको विकाससँगै लैंगिक समानताको मुद्दा पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय बहसको मूल धारमा आउन थालेको हो । संविधानले सुनिश्चित गरेको समान अधिकारको प्रत्याभूतिले महिलाको सामाजिक, आर्थिक र राजनीतिक सहभागितामा वृद्धि भएको देखिए पनि व्यावहारिक पक्षमा चुनौतीहरू अझै पनि कायमै छन् । लैंगिक समानता र महिलाको सशक्तीकरण समग्र राष्ट्रिय विकास, सामाजिक न्याय र लोकतन्त्रको जग हो भन्ने बुझाइ विस्तार हुँदै गएको छ । विशेषत: पछिल्लो दशकमा नेपाल सरकार, नागरिक समाज र अन्तर्राष्ट्रिय निकायको संयुक्त प्रयासले महिला सहभागितालाई नयाँ उचाइमा पुर्‍याएको छ । सरकारको मातहतमा रहेको केन्द्रीय तथ्यांक विभागले हालसालै प्रकाशित गरेको 'नेपालमा महिला र पुरुष २०८१' प्रतिवेदनले महिला सहभागिताको बहुआयामिक स्वरूपलाई तथ्यगत रूपले प्रस्तुत गरेको छ । शिक्षाको सन्दर्भमा हेर्दा महिला सहभागितामा उल्लेखनीय सुधार आएको देखिन्छ । सोही प्रतिवेदनअनुसार ५ वर्षभन्दा माथिका महिलामध्ये ५९.६ प्रतिशत साक्षर छन् भने पुरुषमा यो अनुपात ७८.७ प्रतिशत रहेको छ । यस तथ्यले के देखाउँछ भने, महिला साक्षरता दरमा सुधार भइरहेको छ तर अझै लैंगिक खाडल भने कायम नै रहेको छ । विद्यालय शिक्षामा प्राथमिक तहमा छात्रा र छात्रको नामांकन दर लगभग समान (छात्रा ९७. ८ प्रतिशत र छात्र ९७.५ प्रतिशत) भए तापनि माध्यमिक तहमा महिलाको उपस्थित दर ७७.९ प्रतिशत मात्र रहेको छ, जुन पुरुषको ८०.७ प्रतिशतसँग तुलना गर्दा अलिकति कम देखिन्छ । यद्यपि, उच्च शिक्षामा भने महिलाको नामांकन दर ५२.९ प्रतिशत पुगेको छ, जुन विगतको भन्दा उत्साहजनक संकेत हो । स्वास्थ्य क्षेत्रको सहभागितालाई हेर्दा महिलाको पहुँच अघिल्ला वर्षको तुलनामा सुधारिएको छ । मातृ मृत्युदर सन् २०२१ मा १५१ प्रतिएक लाख जीवित जन्ममा झरेको छ भने यो संख्या सन् २००६ मा ५३९ रहेको थियो । यसले स्वास्थ्य प्रणालीमा प्रशस्त सुधार भएको संकेत गर्छ । अहिले १५-४९ वर्ष उमेर समूहका महिलामध्ये ८४.९ प्रतिशतले गर्भावस्थाको समयमा कम्तीमा एकपटक स्वास्थ्य जाँच गराएको देखिन्छ । यद्यपि, ग्रामीण क्षेत्रमा यो अनुपात अझै कम रहेको छ । सन् २०२३ को तथ्यांकअनुसार गर्भवती महिलामध्ये ६८ प्रतिशत महिलाले चार पटक पूर्वप्रसव जाँच गराएका छन्, जुन सुरक्षित मातृत्वको दृष्टिकोणले अझै अपुरो वा कम मानिन्छ । सन् २०१७ मा स्थानीय तहको निर्वाचन भएपश्चात् ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा पुर्‍याउने सोच राखेर स्थानीय पालिकामार्फत राज्यले ठूलो लगानी खर्च गरे तापनि प्रसूति सेवामा दक्ष स्वास्थ्यकर्मकी भूमिका अझै पनि सहरी क्षेत्रमा सीमित देखिन्छ भने ग्रामीण क्षेत्रमा परम्परागत विधिमा निर्भर रहने प्रवृत्ति कायमै छ । राजनीतिक सहभागिताको दृष्टिले महिलाको उपस्थिति उल्लेखनीय रूपमा वृद्धि भएको छ । सन् २०१५ मा गणतान्त्रिक संविधान बनेर कार्यान्वयनमा आएपछि वर्तमान संघीय संसद्मा महिलाको प्रतिनिधित्व ३३.१ प्रतिशत रहेको छ । संविधानले नै ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको छ । प्रदेशसभाहरूको सन्दर्भमा सातै प्रदेश मिलाएर जम्मा ३६.३६ प्रतिशतको प्रतिनिधित्व भएको छ । स्थानीय तहमा नगरपालिकामा नगर प्रमुख र उपप्रमुखमध्ये एक जना महिला हुनुपर्ने र गाउँपालिकामा अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला अनिवार्य उठाउनुपर्ने कानुनी व्यवस्था छ । त्यसैगरी वडामा एक जना खुला महिला सदस्य र एक जना दलित महिला सदस्य कानुनत: अनिवार्य गरिएको हुनाले यो दर अझ उच्च रहेको छ । सन् २०१७ मा स्थानीय तहमा ४०.९५ प्रतिशत महिला निर्वाचित भएका थिए भने सन् २०२२ मा भएको निर्वाचनमा ४१.२१ प्रतिशत महिला निर्वाचित भएको निर्वाचन कार्यालयले जनाएको छ । आर्थिक क्षेत्रमा महिला सहभागिता क्रमिक रूपमा विस्तार हँककुदै गएको छ । श्रम शक्ति सर्वेक्षण २०८० अनुसार १५ वर्षभन्दा माथिका महिला श्रमिकको सहभागिता दर ३०.५ प्रतिशत रहेको छ, जुन पुरुषको ६७.५ प्रतिशतभन्दा निकै कम हो । यसले के देखाउँछ भने महिला अझै पनि आर्थिक रूपमा निर्भर अवस्था वा अनौपचारिक क्षेत्रमा सीमित छन् । कृषि क्षेत्रमा ६७.८ प्रतिशत महिला कार्यरत छन्, जुन अनौपचारिक, श्रमप्रधान र न्यून आय दिने क्षेत्र हो । सेवा क्षेत्रमा २१.५ प्रतिशत र उत्पादन तथा निर्माण क्षेत्रमा १०.७ प्रतिशत महिला कार्यरत छन् । महिलाको ठूलो हिस्सा असंगठित र न्यून सुरक्षित क्षेत्रमा संलग्न छ, जसले उनीहरूको सामाजिक सुरक्षा र श्रम अधिकारको सुनिश्चिततामा प्रश्न उठाउँछ । स्वरोजगार र महिला उद्यमशीलताको सन्दर्भमा पछिल्लो दशकमा सकारात्मक परिवर्तन देखिएको छ । विशेषत:

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## भारतीय उत्पादनमा अमेरिकाको ५० प्रतिशत भन्सार : आर्थिक अस्त्र, कूटनीतिक दबाब

*काठमाडौं,२३ साउन ।*

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी सात वर्षपछि चीन भ्रमणमा जान लाग्दा भारतका लागि विश्व राजनीतिक परिदृश्य सामान्य अवस्थामा छैन । अमेरिकासँग भारतको सम्बन्ध तनावपूर्ण स्थितिमा पुगेका बेला मोदी चीन जान लागेका हुन् । उनी ३१ अगस्टमा हुने सांघाई सहयोग संगठन सम्मेलनमा भाग लिन चीन जान लागेका हुन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिका भित्रिने भारतीय वस्तुहरूमा ५० प्रतिशत भन्सार महसुल लगाउने घोषणा गरिरहेको समयमा हुन लागेको मोदीको चीन भ्रमणलाई अर्थपूर्ण रूपमा हेरिएको छ । २०२० मा गलवान उपत्यकामा भएको चिनियाँ र भारतीय सेनाबीचको घातक झडपपछि एक-अर्काका विभिन्न वस्तु तथा सेवामा प्रतिबन्ध लगाउने गरी बिग्रिएको सम्बन्धलाई सहज बनाउन मोदीको भ्रमणले भूमिका खेल्ने भारतीय सञ्चारमाध्यमको दाबी छ ।



भारतले रुसबाट पेट्रोलियम पदार्थ आयात गरेर रुस-युक्रेन युद्धलाई सघाइरहेको अमेरिकाको आरोप छ । आफूहरूले स्पष्ट आपत्ति जनाउँदासमेत भारतले तेल खरिदलाई निरन्तरता दिएको भन्दै ट्रम्पले बुधबार भारतीय वस्तुहरूको आयातमा भन्सार दर ५० प्रतिशतसम्म पुऱ्याएका हुन् । यस घोषणाले भारतको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा १ प्रतिशतले संकुचन आउन सक्ने भारतीय अर्थविद्हरूको विश्लेषण रहेको 'द इकोनमिक टाइम्स' ले जनाएको छ । भारतद्वारा रुसी तेल किन्ने क्रम नरोकिए थप प्रतिबन्ध लगाउने ट्रम्पले अर्को चेतावनी दिइसकेका छन् । उनी भारतप्रति दिन प्रतिदिन आक्रामक बन्दै गएको देखिन्छ । ट्रम्पलाई उद्धृत गर्दै ह्वाइट हाउसद्वारा जारी वक्तव्यमा भनिएको छ, 'भारतले ठूलो परिमाणमा रुसी तेल किनिरहेको मात्र छैन, त्यस तेलको धेरै हिस्सा खुलेआम बजारमा बेचेर ठूलो नाफा कमाइरहेको छ । त्यसकारण म भारतले अमेरिकातर्फ तिर्ने भन्सार महसुललाई महत्त्वपूर्ण रूपमा बढाउनेछु ।' अमेरिकामा भारतको २० प्रतिशत वस्तु वा जीडीपीको २ प्रतिशत निर्यात हुने गरेको र अब बहुमूल्य पत्थर, गरगहना, पहिरन, लत्ताकपडा र रसायनसम्बन्धी एकआपसको व्यापारमा उल्लेख्य समस्या आउन सक्ने भारतीय व्यवसायीले सीएनबीसीसँग भनेका छन् । ट्रम्पले यसअघि घोषणा गरेको २५ प्रतिशत कर यही बिहीबारदेखि र बुधबार घोषणा गरेको थप २५ प्रतिशत कर २१ दिनपछि लागू हुने ह्वाइट हाउसले जनाएको छ । यसमा सूचना प्रविधि क्षेत्र भने नसमेटिने भएका कारण अमेरिकी बजारमा ९ प्रतिशत प्रत्यक्ष प्रभाव रहेको सेवामा खास असर नपर्ने देखिन्छ । यसले गर्दा सेमिकन्डक्टर र इलेक्ट्रोनिक उत्पादनलाई प्रतिक्रियात्मक भन्सार महसुलले छुँदैन । त्यस्तै, भारतबाट अमेरिका जाने औषधिसम्बन्धी उत्पादनमा पनि भन्सार दर लाग्दैन । भारतले अमेरिकामा स्टिल र आल्मुनियमसमेत निर्यात गर्ने भए पनि यस्ता वस्तुहरूमा छुट्टै कार्यकारी आदेशमार्फत कर निर्धारण गरिएकाले ५० प्रतिशत महसुल तिर्नुपर्ने छैन ।

**ट्रम्पले किन लगाए ५० प्रतिशत भन्सार ?**

रुसी इन्धन खरिदलाई लिएर पछिल्ला केही दिनयता भारत र अमेरिका आमनेसामने भएका छन् । भारतले रुसबाट पेट्रोलियम पदार्थ आयात गरेर युक्रेन युद्धलाई सघाइरहेको भन्ने अमेरिका र युरोपको आरोप तर्कहीन भएको भारतले प्रतिक्रिया दिएको छ । ट्रम्पले भने बुधबार सञ्चारमाध्यमहरूसँग कुरा गर्दै यो घोषणा सुरुवात मात्रै भएको र अझै विभिन्न थप प्रतिबन्ध र सजायहरू आउन बाँकी रहेको प्रतिक्रिया दिए । रुसी तेल आयात गर्ने देशमध्ये भारतलाई मात्र किन एक्ल्याएको भन्ने पत्रकारको प्रश्नमा ट्रम्पको जवाफ थियो, 'अहिले त आठ घण्टा मात्रै भएको छ, हेर्दै जाऊँ, के हुन्छ ।' पाकिस्तानसँगको युद्ध रोक्न आफूले मध्यस्थता गरेको विषयलाई भारतले औपचारिक रूपमा मान्न अस्वीकार गरेयता ट्रम्प र भारतबीचको सम्बन्ध चिसिन सुरु भएको थियो । सुरुवाती चरणमा युक्रेनसँग रुसको युद्धविराम गराउने आशामा रुसमाथि अतिरिक्त कर नलगाएका ट्रम्प आफ्ना प्रयासहरू विफल भएपछि रुसमाथि पनि खनिन थालेका छन् । इजरायल-इरान तनाव र रुसको एकोहोरो युक्रेन नीतिपछि ट्रम्पले भन्सार महसुल र व्यापार सम्झौतासम्बन्धी विषयहरू अघि सारेर रुस र इरानसँग इन्धन खरिद गरिरहेका देशहरूलाई दबाबमा पार्ने रणनीति लिएको छ । हालैको युद्धमा पाकिस्तानसँग स्पष्ट रूपमा उभिएको चीनसँगै ट्रम्पले आलोचना गर्ने ब्राजिल, दक्षिण अफ्रिका, रुसजस्ता देशहरूसँग भारतको सहभागिता बाक्लिएपछि पनि ट्रम्पले त्यसको खुला आलोचना गर्दै आएका छन् । उनले सार्वजनिक रूपमै ब्रिक्स देशहरूलाई अतिरिक्त शुल्क लगाउने जस्ता चेतावनी दिँदै चीनसँग भने व्यापार सम्झौताको प्रयास जारी राखेका छन् । अमेरिकी आरोपलाई भारतले कडा रूपमा खण्डन गरेको छ । भारतको परराष्ट्र मन्त्रालयका प्रवक्ताले भनेका छन्, 'हाम्रो आलोचना गरिरहेका ती राष्ट्रहरू स्वयं रुससँग उल्लेख्य व्यापार गरिरहेका छन् । तर हाम्रा लागि यो व्यापार आधारभूत ऊर्जालगायतको आवश्यकता पूरा गर्नका लागि हो ।' मन्त्रालयका प्रवक्ताले २०२४ मा युरोपेली संघले रुससँग गरेको व्यापार भारतको तुलनामा निकै उच्च भएको र भारतलाई मात्रै एक्ल्याउने अमेरिकी कदम 'अन्यायपूर्ण र तर्कहीन' भएको दोहोऱ्याएका छन् । यस विषयमा भारतका ऊर्जामन्त्री हरदीपसिंह पुरीले सीएनबीसीसँगको अन्तर्वार्तामा भनेका छन्, 'रुस-युक्रेन युद्ध सुरु हुँदाताका भारतलाई रुसी तेल किन्न अमेरिकाले नै सुझाव दिएको थियो । त्यो बेला तेल किन्न रोकेको भए, तेलको मूल्य प्रतिब्यारेल १३० डलरसम्म पुग्थ्यो ।' उनका अनुसार अमेरिकी पक्षको उक्त सुझाव इन्धनको मूल्य अत्यधिक नबढोस् भन्ने उद्देश्यले गरिएको थियो । भारतले २०२४ मा अमेरिकामा करिब ८१ अर्ब डलर मूल्य बराबरको वस्तु निर्यात गरेको थियो । ट्रम्पको कडाइले करिब ६४ अर्ब डलरको व्यापार जोखिममा पर्न सक्ने अनुमान गरिएको छ । तथापि, भारतको केन्द्रीय बैंक (आरबीआई) ले भने आफ्नो पूर्ववत् आर्थिक वृद्धिदर प्रक्षेपणमा अडिग रहँदै पछिल्लो चुनौतीको प्रभाव सीमित हुने जनाउ दिएको छ । कूटनीतिक प्रभाव भने आर्थिकभन्दा गहिरो हुन सक्ने आकलन गरिएका छन् । मोदीको चीन भ्रमणलाई वासिङ्टनतर्फ स्पष्ट सन्देशका रूपमा हेरिएको छ । 'भारतले कूटनीतिक क्षेत्रमा कुनै एक देशको पक्ष नलिएर आफ्नो आवश्यकताअनुसार बहुपक्षीय सन्तुलन कायम गर्ने प्रयास गर्दै आएको छ,' अमेरिकी थिंक ट्यांक सेन्टर फर अ न्यु अमेरिकन सेक्युरिटीकी वरिष्ठ विश्लेषक रेचेल जिम्बाले भनेकी छन् ।

### प्रभुत्वशाली पितृसत्ता............

परनिर्भरता अन्त्य हुन पुग्छ । महिलामाथि हुने धार्मिक-सांस्कृतिक दासता र विभेदको अन्त्य हुन्छ र समानता र सम्मानसहितको परिवार बन्न सक्छ । यसले विभेदकारी पितृसत्ताको अन्त्यका लागि भूमिका खेल्न सक्छ । **राज्यसत्ताको चरित्र** पितृसत्ता एउटा सैद्धान्तिक अवधारणा हो जसले कुनै सवाललाई हेर्ने, बुझ्ने र विश्लेषण गर्ने निश्चित दृष्टिकोण दिन्छ । तिनै दृष्टिकोणका आधारमा सामाजिक संरचना, राजनीतिक व्यवस्था, नीति र कानुन निर्माण गरिन्छ । विशेषगरी राज्यसत्ताको नीति निर्माण गर्ने स्थानमा पितृसत्तात्मक सोच, दृष्टिकोण र मनोविज्ञानबाट निर्देशित जमात बलियो भएको हुँदा यही व्यवस्थालाई नै बलियो बनाउने संरचना, कानुन र नीति बनाउने सवालमा राज्यसत्ताको बढी जोड हुने गर्दछ । नेपाली समाजमा महिलामाथिको बहिस्करण, विभेद र हिंसाविरुद्ध निकै लामो समयदेखि संघर्ष हुँदै आएको छ । विसं. १९७० को दशकदेखि योगमाया न्यौपानेले गरेको संघर्ष होस् वा लोकतान्त्रिक राजनीतिक व्यवस्थाका लागि भएका सबैजसो आन्दोलन हुन्, महिलाले न्याय, समानता र अधिकारका लागि गरेको संघर्षकै परिणाम एक हदसम्म संवैधानिक र कानुनी अधिकार प्राप्त भएको छ । साभार ईकान्तिपुर ।

### महिला सहभागिता र..........

माइक्रो फाइनान्स, सहकारी र लघुवित्त कार्यक्रममार्फत महिलाहरू आर्थिक रूपमा सक्रिय हुन थालेका छन् । राष्ट्रिय आर्थिक सर्वेक्षण २०७५ अनुसार कुल व्यवसायमध्ये २९.८ प्रतिशत व्यवसाय महिला स्वामित्वमा छन् तर तीमध्ये अधिकांश घरेलु, साना र कम आय भएका व्यवसाय हुन् । महिला उद्यमीले अहिले पनि प्रविधिमा पहुँच, पुँजी, सीप र बजार विस्तारमा कठिनाइ भोगिरहेका छन् । वित्तीय संस्थाबाट ऋण लिनका लागि आवश्यक धरौटी र सम्पत्तिमा स्वामित्व नभएका कारण पनि नेपाली महिला वित्तीय पहुँचबाट सधैं वञ्चित हुन पगेका छन् । महिला सशक्तीकरणमा नागरिक समाज र गैरसरकारी संस्थाको भूमिका उल्लेखनीय छ । सहरी क्षेत्रमा मात्र होइन, ग्रामीण क्षेत्रमा पनि महिला समूह, सहकारी संस्था, सीप विकास केन्द्र र कानुनी सहायता दिने संस्थाले महिलाको जीवनस्तर उकास्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । विशेषतः ग्रामीण क्षेत्रमा कार्यरत महिला समूह सामूहिक बचत, आयमूलक कार्यक्रम, चेतनामूलक प्रशिक्षण र स्थानीय नेतृत्व विकासमा संलग्न छन् । साभार ईकान्तिपुर ।

### साउन ३१ देखि पेट्रो............

सरेकोजस्ता समस्या देखिएको छ । निगमका अनुसार लोडिङ बेको पाइप झन्डै १० सेमि अगाडि सरेको छ । यस्तो समस्या दुई महिना अगाडि पनि देखिएको थियो, जसका कारण त्यसबेला पनि ६ दिन पाइपलाइन बन्द गर्नुपरेको थियो । दोस्रो चरणअन्तर्गत अमलेखगन्जमा निर्माण गरिएको यो पूर्वाधारमा नेपाल आयल निगमले १ अर्ब ५४ करोड रुपैयाँ र आईओसीले ७५ करोड भारतीय रुपैयाँ लगानी गरेका छन् । निर्माण कार्य आईओसीले नै गरेको हो । आईओसीको टोलीले लोथरमा निर्माणाधीन पाइपलाइन र भण्डारण परियोजनाको प्रगति निरीक्षण पनि गरेको छ । उक्त परियोजना अन्तर्गत १४ अर्ब ९ करोड रुपैयाँ लागतमा पाइपलाइन र भण्डारण गृह निर्माण हुँदैछ । निगमका कार्यकारी निर्देशक चण्डिकाप्रसाद भट्टले टोलीले काममा ढिलाइ गर्न नहुने सन्देश दिएको जानकारी दिएका छन् । विस्तृत परियोजना प्रतिवेदन (म्एच) तयार भइसकेको र ५४ महिनाभित्र काम सम्पन्न गर्ने लक्ष्य राखिएको छ । निगमले आश्वासन दिएको छ कि प्राविधिक मर्मतका कारण केही दिन ढुवानी बन्द भए पनि देशभर इन्धनको आपूर्ति नियमित राखिनेछ ।

### बीरगन्जमा "बृहत् महिला....

औपचारिक जानकारी दिइएको थियो । सम्मेलनका संयोजक निरज अग्रवाल, सह-संयोजक अनुप अग्रवाल, महिला उद्यमशीलता विकास समितिकी संयोजक डा. लक्ष्मी थापा, संघका अध्यक्ष हरिप्रसाद गौतम लगायतको उपस्थिति थियो । नेपाल रेडक्रस सोसाइटीकी गुडि साहले स्वागत मन्तव्य दिएकी थिइन् भने नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष ओमप्रकाश खनालले आसन ग्रहण गरेका थिए ।

### आदर्शनगर रंगशालामा.......

ष्ट्रिय प्रतियोगिता पनि आयोजना गर्न सकिनेछ ।"स्थानीय खेलकर्मीहरू खेतानको नेतृत्वमा रंगशालाको व्यवस्थापन थप व्यवस्थित हुनेमा आशावादी देखिएका छन् । उनीहरूको धारणा अनुसार पूर्वाधार सुधारसँगै खेलाडीहरूको क्षमता अभिवृद्धिमा सकारात्मक प्रभाव पर्नेछ र यसले क्षेत्रीय तथा राष्ट्रिय खेलकुद विकासमा टेवा पुऱ्याउनेछ ।

### बैंकिङ कसूरका.................

थियो । अम्बे इन्टरप्राइजेज प्रा.लि.का सञ्चालक रहेका साहमाथि देवेन्द्र कुमार कर्णले जाहेरी दर्ता गराएका थिए । फैसला कार्यान्वयन टोलीले उनलाई पक्राउ गरी अदालतमा पेश गरेको पर्साका प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जानकारी दिए । उनका अनुसार साह लामो समयदेखि फरार थिए र प्रहरी निगरानीमा थिए । हाल साहलाई आवश्यक अनुसन्धान र कानुनी प्रक्रियाका लागि प्रहरी हिरासतमा राखिएको छ ।

नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्

# स्वास्थ्य

## गर्भ कसरी रहन्छ ?



गर्भ रहने कुरा कसैलाई तनाव हुन्छ भने कसैका लागि खुसीको विषय पनि । कति दम्पती हुन्छन्, जसले सन्तानको योजना बनाइरहेका हुन्छन् । जब गर्भ रहन्छ, उनीहरुमा खुसी छाउँछ । तर सन्तानको योजना बनाएर पनि गर्भ नरहने स्थिति आफैंमा तनावपूर्ण हुन्छ । त्यसैगरी कतिपयमा अनिच्छित गर्भ रहन पुग्छ । असावधानीवश हुने कतिपय शारीरिक सम्बन्धबाट गर्भ रहन्छ, जो धेरैका लागि टाउको दुखाइको विषय बन्न सक्छ । यस्तो अवस्थामा हामीले के जान्न आवश्यक छ भने कुन अवस्थामा शारीरिक सम्बन्ध भयो भने गर्भ रहन्छ ? कस्तो अवस्थामा रहँदैन ? **महिनावारी चक्र र गर्भधानको समय** गर्भ रहन महिलाको डिम्ब र पुरुषको शुक्रकीटबीच मिलन हुनुपर्छ । महिनावारीको अण्ड उत्पादनसँग एउटा संयोजन छ । नियमित महिनावारी भइरहेको छ भने उक्त महिलाको गर्भाशयमा महिनामा एकपटक अण्ड उत्पादन हुन्छ । यसको हिसाब किताब निकाल्न सकिन्छ । जस्तो २८ दिनमो महिनावरी चक्र छ । उनीहरुमा महिनावारी भएको दिनबाट गन्ती गर्दा १४ दिनमा अण्ड उत्पादन हुन्छ । कति महिलामा २८ दिनभन्दा कम वा बढीमा पनि महिनावारी हुन सक्छ । महिनावारीको चक्रलाई आधार बनाएर कुन बेला अण्ड उत्पादन हुनसक्छ भनेर आँकलन गर्न सकिन्छ । यसरी उत्पादन भएको अण्ड कम्तीमा पनि ७२ घण्टासम्म रहन्छ । त्यस्तै पुरुषको शुक्रकीट पनि लामो समयसम्म जीवित रहन्छ । शारीरिक सम्बन्ध भइसकेपछि पुरुषको शुक्रकीट महिलाको पाठेघरको माध्यम हुँदै अण्डबाहिनी नलीसम्म पुग्छ । दुवै जीवित भएको अवस्थामा निषेचन हुन्छ र जाइकोट बन्छ । महिनावारी भएको दिनबाट गणना गर्दा ९ दिनदेखि १४ दिनभित्रमा यसरी गर्भ रहने सम्भावना उच्च हुन्छ । सामान्यतया महिनावारी भएको १९ दिन कटेपछि गर्भ रहने स्थिति हुँदैन ।

यदि सन्तानको योजना बनाएको छैन भने शारीरिक सम्बन्धका लागि १९ दिन पछिको समयलाई सुरक्षित मानिन्छ । तर यो शतप्रतिशत सुरक्षित भने नहुन सक्छ । महिलाको मासिक स्राव घटबढ भएमा पनि यो गणना नमिल्न सक्छ । कतिपयको महिनावारी भएको ८ दिनपछि नै शारीरिक सम्बन्ध रहँदा गर्भ रहेको पनि पाइन्छ । यदि सन्तानको योजना छैन भने अस्थायी साधनको प्रयोग गर्नु राम्रो हो । **कस्तो अवस्थामा अस्वस्थ बच्चा जन्मिन सक्छ ?** धेरैमा कस्तो जिज्ञासा पाइन्छ भने कुन अवधिमा शारीरिक सम्बन्ध बनाउँदा स्वस्थ बच्चा जन्मिन्छ ? यसको कुनै वैज्ञानिक आधार छैन । गर्भधानको समय वा अवधिले बच्चा स्वस्थ वा रोगी जन्मन्छ भन्ने छैन ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

महागढीमाई नगरपालिकाको कार्यालय
कलैया, बारा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको कार्यालय, पर्सा

# लालु यादवको निधनपछि सुरु भएको आन्दोलन प्रहरी निरीक्षक पदमुक्त गर्ने सहमतिसँगै स्थगित

**जनकपुर,२३ साउन ।**



सप्तरीको राजगढ गाउँपालिका-२ मा प्रहरीको गोली लागी मृत्यु भएका लालु यादवको घटनालाई लिएर सुरु भएको आन्दोलन प्रहरी निरीक्षक विरेन्द्र यादवलाई पदमुक्त गर्ने सहमतिसँगै स्थगित गरिएको छ । बिहीबार बसेको सर्वपक्षीय तथा सर्वदलीय बैठकले घटनाको निष्पक्ष छानबिन सम्पन्न नभएसम्म गोली चलाउने प्रहरी निरीक्षक यादवलाई तत्काल पदमुक्त गर्न सिफारिस गर्ने निर्णय गरेको हो । यही सहमतिसँगै पीडित पक्षले जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय अगाडि जारी विरोध कार्यक्रम फिर्ता लिएको छ । आन्दोलनका क्रममा प्रदर्शनकारीहरूले टायर बालेर सडक अवरुद्ध गरेका थिए । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी जितेन्द्र कुमार बस्नेतले आन्दोलन स्थगित भएको पुष्टि गरेका छन् । गोली लागी निधन भएका लालु यादव स्थानीय खुबलाल जगरनाथ शक्ति आधारभूत विद्यालयका व्यवस्थापन समिति अध्यक्षसमेत थिए ।

उनको मृत्युप्रति विभिन्न दल, संघसंस्थाले गहिरो दुःख प्रकट गरेका छन् । बैठकले घटनाको छानबिनका लागि उच्चस्तरीय समिति गठन गर्न सिफारिस गर्ने निर्णयसमेत गरेको छ । साथै, मृतकका परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउने विषयमा छानबिन प्रतिवेदनको आधारमा निर्णय हुने सहमति भएको छ। सहमति भएपछि पीडित परिवारले शव बुझ्ने निर्णय गरेको छ भने हिन्दू परम्पराअनुसार अन्त्येष्टि तयारी भइरहेको मृतकका दाजु मनोज यादवले जानकारी दिएका छन् । यस घटनाको विरोधस्वरूप सप्तरी उद्योग वाणिज्य संघले बिहीबार राजविराज बन्दको आह्वान गरेको थियो । बन्दका कारण सदरमुकामका सबै बजार र पसलहरू पूर्ण रूपमा बन्द रहेका थिए ।

# सहकारी ठगीमा उन्मुक्ति किन? गृहमन्त्रीलाई राप्रपाका शाहीको प्रश्न

**काठमाडौं,२३ साउन ।**



राप्रपाका प्रवक्ता ज्ञानेन्द्र शाहीले नेपाली कांग्रेस र नेकपा (एमाले) का नेताहरूले सहकारी क्षेत्रमा गरेका कथित ठगी प्रकरणमा अझै कारबाही नहुनुमा प्रश्न उठाएका छन् । शुक्रबार सामाजिक सञ्जालमार्फत सार्वजनिक अभिव्यक्ति दिँदै उनले गृहमन्त्री रमेश लेखकलाई "सहकारी ठगहरूलाई कहिले कारागार हाल्ने?" भनेर प्रत्यक्ष प्रश्न गरेका छन् । शाहीले सहकारी ठगीका कारण लाखौं नेपालीको पसिनाको कमाइ जोखिममा परेको भन्दै, कांग्रेस र एमालेका नेताहरूको संलग्नतामा ठगी भएका मुद्दामा सरकार किन मौन छ भन्ने प्रश्न उठाएका छन् । उनका अनुसार बचतकर्ताहरूको जीवन संकटमा पर्दासमेत दोषीहरू उन्मुक्ति पाइरहेका छन्, जसले आम नागरिकको विश्वास न्याय प्रणालीबाट हट्दै गएको संकेत गर्छ ।

**रवि लामिछानेको मुद्दासँग जोड्दै न्याय प्रणालीमाथि प्रश्न**

शाहीले पूर्व उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेलाई हालै कारागारमा राखिएको घटनालाई उदाहरण दिँदै न्याय प्रणालीको संरचनागत कमजोरी उजागर भएको टिप्पणी गरेका छन् । "यो केवल रवि लामिछानेको व्यक्तिगत विषय होइन, यो नेपालका कैयौं कैदीबन्दीहरूले भोगिरहेको साझा पीडा हो," उनले भने । उनका अनुसार कारागारहरूमा क्षमताभन्दा बढी कैदीबन्दी राखिएको, आधारभूत सुविधा नपुगेको, तथा न्यायिक प्रक्रियामा ढिलासुस्तीले मानवअधिकारको गम्भीर हनन भइरहेको छ । शाहीले संविधानले प्रत्याभूत गरेको निष्पक्ष न्याय र मानवीय व्यवहार व्यवहारमा कार्यान्वयन नभएको उल्लेख गर्दै सुधारका लागि तत्काकक कदम चाल्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

शाहीले सहकारी ठगी मुद्दामा निष्पक्ष छानबिन, दोषीमाथि कडा कारबाही, कारागार सुधार, न्यायिक प्रक्रियामा गति ल्याउनेलगायत विषयमा सरकार गम्भीर नहुनु चिन्ताजनक भएको बताएका छन् । उनले गृहमन्त्रीको नियतमाथि समेत "गम्भीर प्रश्न उठ्न थालेको" बताएका छन् ।

# भदौं दोस्रो हप्तादेखि फेरि आन्दोलनमा जाने शिक्षक महासंघको चेतावनी

**काठमाडौं,२३ साउन ।**

नेपाल शिक्षक महासंघले सरकारसँगको सहमति कार्यान्वयन नभएको भन्दै भदौंको दोस्रो हप्तादेखि पुनः आन्दोलनमा जाने घोषणा गरेको छ। महासंघका अध्यक्ष लक्ष्मी किशोर सुवेदीका अनुसार, विद्यालय शिक्षा ऐन तोकिएको मितिमा नआएको भन्दै बिहीबार बसेको बैठकले आन्दोलन गर्ने निर्णय गरेको हो । "सरकारले समयमा ऐन जारी गरेन, हामी बाध्य भएर फेरि आन्दोलनको बाटो रोज्नुपरेको हो," अध्यक्ष सुवेदीले बताए । उनका अनुसार आन्दोलनका कार्यक्रमहरूको विस्तृत रूपरेखा महासंघको आन्दोलन परिचालन समितिले तयार गर्नेछ भने राष्ट्रिय समितिले त्यसलाई अनुमोदन गर्नेछ । त्यसका लागि भदौं ३ र ४ गते राष्ट्रिय समितिको पूर्ण बैठक बोलाइएको छ । अध्यक्ष सुवेदीले शिक्षा समितिमा विधेयकको अवस्था बारे आफूलाई जानकारी नभएको बताए । "प्रतिनिधिसभामा विधेयक दर्ता भएपछि मात्रै त्यसले समेटेका विषयहरूको मूल्यांकन गर्नेछौं," उनले भने ।

यसअघि पनि महासंघले गत चैत २० देखि देशभरका सामुदायिक विद्यालयका शिक्षकलाई काठमाडौंमा जम्मा गरी २९ दिने शैक्षिक हड्तालसहितको आन्दोलन सञ्चालन गरेको थियो ।

सरकारले सहमति गरेपछि आन्दोलन स्थगित गरिएको थियो । तर, शिक्षा ऐन समयमै नआएको भन्दै महासंघ फेरि सडक आन्दोलनमा उत्रन लागेको हो ।

# बैंकिङ कसूरका दोषी साह पक्राउ

**नेपाल पोष्ट संवदाता**

**बीरगन्ज,२३ साउन ।**

बैंकिङ कसूरको मुद्दामा दोषी ठहर भई फरार रहेका वीरगञ्ज-१६ का ३४ वर्षीय सुनिल कुमार साहलाई पर्सा प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालतको फैसलापछि सजाय भुक्तान नगरी लुकिछिपी बसेका साहलाई बिहीबार पक्राउ गरिएको प्रहरीले जनाएको छ । जिल्ला अदालत पर्साले बैंकिङ कसूरसम्बन्धी मुद्दा नं. ०८०-क्र१-०९६२, लगत नं. ६३०९ अन्तर्गत साहलाई १० दिन कैद र ३० लाख रुपैयाँ जरिवानाको सजाय सुनाएको

बाँकी तेश्रो पृष्ठमा

# सिँचाइ बिना किसान मरिरहेका छन्, ओलीजी सत्ता जोगाइरहेका छन : प्रभु साह

**नेपाल पोष्ट संवदाता**

**बीरगन्ज,२३ साउन ।**



आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले भारतसँग भएको सिँचाइ सम्झौताको कार्यान्वयनमा लापरवाही गरेर राष्ट्रिय हितमा घात पुर्‍याएको आरोप लगाएका छन् । शुक्रबार बाराको कलैयामा आयोजित कार्यक्रममा सम्बोधन गर्दै अध्यक्ष साहले नेपाल-भारतबीचको सिँचाइ सम्झौता अनुसार आवश्यक मात्रामा पानी नआएपछि पनि ओली सरकारले भारतसँग औपचारिक रूपमा पानी नमाग्नु 'राष्ट्रघाती कार्य' भएको टिप्पणी गरे । उनले भने, "गण्डक, नारायणी र कोशी सिँचाइ आयोजनाबाट आउनुपर्ने पानी सम्झौता अनुसार आउनु पर्ने हो, तर आज किसान सुक्खा अवस्थामा छन् । धान लगाउने मुख्य समय बितिसक्यो, तर सरकार चुपचाप छ । प्रधानमन्त्री ओलीजस्तो 'राष्ट्रवादी' भनिने व्यक्तिबाट यस्तो बेपर्वाही अस्वीकार्य छ ।" अध्यक्ष साहले विशेषगरी नारायणी नहर प्रणालीको चर्चा गर्दै भने, "यो नहर बाराको बीचबाट बग्छ, तर नेपालले सम्झौताअनुसार १० प्रतिशत पनि पानी पाएको छैन । यो हाम्रो अधिकार हो, र त्यो अधिकारका लागि आवाज उठाउने काम सरकारको हो । तर सरकारले आफ्नो कर्तव्य निर्वाह गरेको छैन ।" प्रधानमन्त्री ओलीमाथि तीव्र आलोचना गर्दै उनले थपे, "सम्झौता गर्ने तर कार्यान्वयन नगर्ने सरकार राष्ट्रभक्त होइन, दलाल हो । ओलीजी, यदि तपाईं साँच्चिकै राष्ट्रवादी हो भने, किन नेपालको अधिकारका लागि बोल्नुभएन? तपाईंले किन भारतसँग कुरा गर्न सक्नुभएन?" प्रभु साहले वर्तमान सरकारप्रति पनि गम्भीर असन्तुष्टि जनाउँदै भने, "दुई तिहाइको शक्तिशाली सरकार हुँदा पनि जनताको लागि 'एक पैसा' बराबरको काम भएको छैन । मधेसलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा मात्र गरिएको छ, राहत प्याकेजका कुनै ठोस योजना आउन सकेका छैनन् ।"

उनको भनाइमा, सरकारले सुक्खा प्रभावित क्षेत्र घोषणामात्र गरेर जिम्मेवारी टार्न खोजेको छ, तर त्यस्तो घोषणाले किसानको दुःख कम गर्ने होइन, झनै पीडित बनाउने काम भएको छ ।





## सम्पत्ति विवरण बुझाऔं

❖सार्वजनिक पद धारण गरेको व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्बन्धित निकायमा सम्पत्ति विवरण बुझाइसक्नु पर्छ,

❖राजिनामा वा अनिवार्य अवकास भई सेवा निवृत हुनेले समेत सेवा निवृत्त हुने आ.व. सम्मको सम्पत्ति विवरण बुझाउनु पर्छ,

❖प्रदेश वा स्थानीय तहमा रहेका सार्वजनिक पद धारण गर्ने व्यक्ति तथा कर्मचारीले आफू कार्यरत कार्यालयमार्फत सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्छ,

❖करारमा कार्यरत कर्मचारीले कार्यरत निकायमै सम्पत्ति विवरण बुझाउनु पर्छ,

❖सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित व्यक्तिको हो,

❖समयमा सम्पत्ति विवरण नबुझाउनेलाई कानून बमोजिम जरिवाना हुन्छ ।

**"त्यसैले समयमै सम्पत्ति विवरण बुझाऔं, सुशासनमा सहयोग गरौं" ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
करैयामाई गाँउपालिकाको कार्यालय,बारा